
के तपाईंको घर पा( नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७०८९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज ३० गते मंगलबार ❑ 17 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पोखराबाट पनि नयाँ नोट सटही गर्न सुरु

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज



नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले सोमबार देखि आम सर्वसाधारणको लागि नयाँ नोट सटही गर्न सुरु गरेको छ । वडा दशैं पर्वको अवसरमा नेपाल राष्ट्र बैंकले सोमबार देखि नयाँ नोट सहटी गर्न सुरु गरेको हो ।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार सोमबार देखि सर्वसाधारणको लागि प्रति व्यक्ति १८ हजार ५ सयको नयाँ नोट सटही गर्न सुरु गरिएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक आर्या जोशीले बताउनु भयो । आम सर्वसाधारणको लागि भने गत बर्ष भै यस बर्ष पनि सानो नोट (५, १०, २०, ५० र १००) का एक/एक बण्डल सटहीको व्यवस्था गरिएको उहाँले जनाउनु भयो । केही समय अघि नेपाल राष्ट्र बैंक पोखरा कार्यालयल प्रदेशका बैंक तथा वित्तिय संघ संस्था एवं नोट कोषलाई नयाँ नोट उपलब्ध गराएको थियो ।

अधिकांश बैंक तथा वित्तिय संघ संस्थाहरुले आम सर्वसाधारणलाई सहज रुपमा नयाँ नोट वितरण नगरेकोले राष्ट्र बैंकसम्म पुगु परेको छ । यस बर्ष अघिल्लो बर्षको तुलनामा भने ५० रुपैयाको माग बढी भएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले जनाएको छ । घण्टौं लाइनमा बसेर पनि आम सर्वसाधारणहरुले बालबालिकाहरुको खुसिको लागि नयाँ नोट सटही गर्न आएको पाइन्छ । दशैंको अवसरमा नयाँ नोट बालबालिकाहरुलाई दिदा उहाँहरुको खुसिको लागि आफुले प्रायः सधै दशैंमा नयाँ नोट साट्ने गरेको पोखराका असित बरालले बताउनु भयो । नयाँ नोट दशैंमा टिका लगायर बालबालिकाहरुलाई दिदा उहाँहरुको खुसि, मज्जा मान्ने गरेकोले आफु हरेक बर्ष नयाँ नोट सटही गर्न आउने गरेको उहाँले जनाउनु भयो । पोखरा छोरेपाटनका एक युवा कुमार परियार पहिलो पटक एक घण्टा लाइनमा बसेर नयाँ नोट सटही गर्नु भएको छ । दशैंमा नयाँ नोटको कारोवारले मज्जा हुने सुनेर नयाँ नोट साट्न आएको बताउनु भयो ।

नयाँ नोट सटही गर्न झोला सहित लाइनमा बस्नु भएका महेश्वरी पराजुलीले यस बर्ष भने नयाँ नोट सटही गर्दा एक घण्टा जसोमा पालो आउने गरी व्यवस्थित भएको दाबी गर्नु भयो । नयाँ नोट सटही गर्नेको लाइनमा फरक धारण भएका तुलसी प्रसाद भण्डारीले आफुले कारोवार गर्ने एनआईएमबी, माछापुच्छ्रे बैंकले नयाँ नोट नदिएको कारण बालबालिकाको खुसिको लागि लाइनमा बसेर नयाँ नोट साट्न राष्ट्र बैंकसम्म पुगेको बताउनु भयो ।

## पोखरा आसपासका ऐतिहासिक कोटमा घटस्थापना

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

नवदुर्गाको अवसरमा पोखरा आसपासका ऐतिहासिक कोट तथा मन्दिरमा घटस्थापना गरिएको छ ।

परापूर्वकालदेखि अस्तित्वमा आएका कास्कीकोटस्थित गुप्तकालिका मन्दिर, भरतपोखरीस्थित कोटभैरव मन्दिर, कालिकास्थित ठूलाकोट, निर्मल पोखरीस्थित फोक्सिङकोट, रुपास्थित रुपाकोटलगायत मठमन्दिरमा नवदुर्गाको पूजाका लागि घटस्थापना गरिएको हो ।

पोखरा आसपासमा रहेका कोट प्रत्येकको आ–आफ्नै विशिष्ट महत्व रहिआएको छ । नेपालका शाहवंशीय राजाको उद् गमस्थलका रुपमा रहेको कास्कीकोटदेखि मल्लकालीन समयदेखि पूजाआजा हुँदै आएको भरतपोखरीको कोटभैरव मन्दिरहरू यस क्षेत्रको बस्ती विकाससँगै अस्तित्वमा आएका धार्मिकस्थल मानिन्छन् । कास्कीकोट दरबारस्थित गुप्तकालीका मन्दिरमा दसैंको अवसरमा विश्व शान्तिको कामना गर्दै नवदुर्गा महोत्सव सुरु भएको गुप्तकाली काश्यप धार्मिक क्षेत्र विकास समितिका सचिव ठाकुरप्रसाद त्रिपाठीले जानकारी दिनुभयो । गुप्तकालिका मन्दिरमा घटस्थापनाको साइत हेरेर मन्दिर प्रवेश गरिएको जानकारी दिँदै उहाँले परापूर्व कालदेखि दसैंमा नवरात्रभर पूजाका लागि पूजारी दरबारमा बस्ने प्रचलन रहेको बताउनुभयो । विश्व शान्तिको कामना गर्दै भारद्वारी चौतारामा जम्मा भई मन्दिरमा विधिवत् घटस्थापना गरिएको सचिव त्रिपाठीको भनाइ थियो । नवदुर्गा अवधिभर चण्डी पाठ, दुर्गा कवज आदि हुने यस मन्दिरमा फूलपातीका बेला पोखराको रामघाटबाट लगिएको फूलको डोली विधिवत् मन्दिर प्रवेश गराएर तान्त्रिक पूजा गरिन्छ । अष्टमीका दिन मध्यरातमा कालरात्रिको पूजा र नवमीमा पञ्चबलि दिने पदिने गरिन्छ । फूलपातीकै दिन कुँवर जातीको लोपोन्मुख सैन्य अभ्यास सरुङ खेलसमेत प्रदर्शन गरिने कार्यक्रम छ । नेपालमा नै लोपोन्मुख सरुङ खेल र मालश्री धुन प्रस्तुत गरिनु यहाँको अर्को विशिष्टता हो । विजया दशमीका दिनमा मन्दिरमा टीका ग्रहण गरी वास्पानीकालीकामा फूलपत्रसहित पूजा विसर्जन गर्ने प्रचलन छ । कास्कीकै भरतपोखरीस्थित मल्लकालीन कोटभैरव मन्दिरमा पनि विधिवत् रुपमा घटस्थापना गरिएको कोटभैरव संरक्षण तथा सम्बर्द्धन समितिका कोषाध्यक्ष कर्णकुमारी महतले जानकारी दिनुभयो । मन्दिरमा परापूर्वकालदेखि नवरात्र अवधिभर घटस्थापना गरी दैनिक दुर्गा सप्तशति पाठ, फूलपाती, महाअष्टमी, कालरात्रि, महानवमीको विशेष पूजा गरी विजयादशमीका दिन सामूहिक टिकाप्रसाद ग्रहण गर्ने प्रचलन रहेको उहाँले बताउनुभयो । नेपालका बाइसेचौबिसे राजाको पालादेखि नै अस्तित्वमा रहेको कोटभैरवलाई बरकोटका 'काला जटा भैरव'का रूपमा प्राचीनकालदेखि पूजा गरिँदै आएको पाइन्छ ।

कोटभैरव मन्दिरमा पूजाआजा गरेमा मनले चिताएको पुग्ने विश्वासका साथ कास्की, स्याङ्जा, तनहुँलगायत विभिन्न जिल्लाबाट दर्शनार्थी भाकल तथा सामान्य पूजाका लागि आउने गर्दछन् । पोखराको मुख्य बजार क्षेत्रबाट करिब १६ किलोमिटरको पक्की बाटो हुँदै पुग्न सकिने भएकोले पछिल्ला वर्षमा सार्वजनिक सवारीसाधन एवम् निजी सवारीसाधन लिएर दर्शनार्थी पूजाआजाका लागि कोटभैरव मन्दिर आउने गरेको कोषाध्यक्ष महतले जानकारी दिनुभयो ।

## अघिल्ला बर्षको तुलनामा यस वर्ष ४० प्रतिशत भन्दा कम खसी बोका बिक्री हुने

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज



यस बर्षको दशैं पर्वको अवसरमा अघिल्ला बर्षको तुलनामा पोखरामा करिब ४० प्रतिशतले कम खसि तथा वोका बिक्रि हुने भएको छ ।

कोरोना पछि देशमा देखिएको आर्थिक मन्दिका कारण अघिल्ला बर्षको तुलनामा यस बर्ष करिब ४० प्रतिशत भन्दा कम खसि वोका बिक्रि हुने मासु व्यवसायीहरुले बताउछन् । दशैंको अवसरमा पोखरामा करिब ८ हजार खसि बोका बिक्रि वितरण गर्ने पोखरा खसि बोका व्यवसायी समितिका अध्यक्ष ज्ञान बहादुर श्रेष्ठले बताए । अघिल्ला बर्षको दशैंमा १२ हजार खसि वोका बिक्रि गरेको समितिले यस बर्षको दशैंमा ८ हजार खसि वोका बिक्रि गर्ने तयारीमा गरेको उनले जनाए । गण्डकी प्रदेशका केही जिल्ला तथा छिमेकी जिल्लाबाट पोखरामा खसि वोका भित्राउदै गरेको समितिले जनाएको छ । कोरोनाको कारण देशमा आर्थिक मन्दिले गर्दा बजारमा खासै चहल पहल कम भएकोले यस बर्ष आफूहरुले खसि वोका अघिल्ला बर्षको तुलनामा कम ल्याउदै गरेको उनले जनाए । यस बर्षको दशैं पर्वमा बजारमा पनि कम चहल पहल हुने, होटल, रेष्टुरेन्ट, पार्टी प्यालेसहरु रामोसंग संचालन नहुँदा खसि वोकाको खपत पनि कम हुने पूर्व अनुमान गरि यस बर्ष कम खसि वोका पोखरा भित्राउदै गरेको अध्यक्ष श्रेष्ठले बताए । भेडा–च्याङ्ग्रा पोखरामा कति आउछन, त्यसको आधारमा खसि वोकाको मागमा भर पर्ने उनको भनाई छ । पोखरामा अन्य समयमा दैनिक जसो २ सय देखि २ सय ५० वटा खसि वोका खपत हुने गरेकोमा हिजोआज भने आर्थिक मन्दिका कारण करिब ३०/३५ वटा मात्र खपत हुने गरेको उनले जनाए । कास्कीमा व्यवसायीक रुपमा खसि वोका उत्पादन नहुँदा आफूहरुले करोडौंको खसि वोका अन्य जिल्लाबाट भित्राउनु परेको अध्यक्ष श्रेष्ठले बताए ।

पाल्पा, नवलपरासी, स्याङ्जा, गोर्खा, तनहुँ लगायतको क्षेत्रबाट खसि बोका पोखरा ल्याउने गरेको बताए । जिउदो खसिको प्रतिकेजी ६ सय देखि ६ सय ७० रुपैयासम्म पर्ने गरेको छ भने खसिको तयारी मासु प्रति केजी १ हजार २ सय रुपैया सम्म पर्ने गरेको छ ।

समितिको बाहेक पोखरा क्षेत्रमा व्यक्तिगत रुपमा किसानहरुले उत्तिकै सङ्ख्यामा खसि वोका खरिद गर्ने गरेको पाइन्छ । यसैबिच, बिजया दशमीको अबसर पारेर पोखरा महानगरपालिका वडा नं २८, सौर्यबजारमा खसीबोकाको प्रर्दशनी हुने भएको छ । वडा र आसपासमा किसानले पालेका खसिबोकाको उचित मुल्य तथा पशुपालनलाई प्रवर्द्धन र किसानलाई प्रोत्साहनको लागि खसि वोका प्रर्दशनी गर्न लागिएको पोखरा वडा नं २८ का अध्यक्ष श्रीकृष्ण लामिछानेले जनाए । उत्पादनमा आधारित पशुपालनलाई प्रवर्द्धन गर्दे स्थानी उत्पादनलाई प्रयोग गर्ने बानीको विकास गर्नका लागि प्रदर्शनी आयोजना गरिएको पोखरा महानगरपालिका पशुसेवा शाखाका प्रमुख नवराज अधिकारीले बताए । भोलि(मंगलबार) आयोजना हुने प्रदर्शनीको स्थानीय ब्यवस्थापन पोखरा महानगरपालिका वडानं २८ ले गरेको छ ।

## मुख्यमन्त्री कार्कीले कात्तिक १ गते विश्वासको मत लिनुहुने

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

कोशी प्रदेश सरकारका मुख्यमन्त्री केदार कार्कीले आगामी कात्तिक १ गते बुधबार विश्वासको मत लिनुहुनेभएको छ ।

संविधानको धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्री कार्कीले धारा १६८ को उपधारा (४) बमोजिम विश्वासको मत लिन प्रदेशसभामा प्रस्ताव दर्ता गराउनुभएको प्रदेशसभा सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिनुभयो ।

मुख्यमन्त्रीमा नियुक्त भएको ३० दिनमा विश्वासको मत लिनुपर्ने व्यवस्था छ । कार्कीले असोज २७ गते मुख्यमन्त्री पदमा नियुक्त हुनुभएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## देश र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्छ : डा भट्टराई

रासस
चितवन, २९ असोज

नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री डा बाबुराम भट्टराईले दलहरूले देश र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताउनुभएको छ ।

पारिवारिक भेटघाटका क्रममा सोमबार यहाँ आउनुभएका उहाँले पत्रकारसँग कुराकानी गर्दै सबै दलले देश र जनतालाई केन्द्रमा राख्न नसक्दा राजनीतिक अस्थिरता बढेको बताउनुभयो । "देश र जनतालाई केन्द्रमा राख्न नसक्नुको परिणाम कोशी प्रदेशमा देखिएको छ", अध्यक्ष भट्टराईले भन्नुभयो, "दलका नेताले आफ्नो दल, गुट र सत्तालाई केन्द्रमा राखेर विधि र पद्धतिलाई मिच्ने काम भएको छ ।" यसले लोकतन्त्रको हित नहुने उहाँको भनाइ थियो ।

हामीले अपनाएको शासकीय प्रणालीले कसैलाई पनि बहुमत नदिने भन्दै भट्टराईले भन्नुभयो, "दलहरूले पहिलेनै समझदारी गरेर निश्चित अवधिको निम्ति गठबन्धन टिकाउने काम गर्नुपर्‍यो, कि त निर्वाचन प्रणाली बदल्नु पर्‍यो ।"

अहिलेको गठबन्धनले गठबन्धनको मर्मअनुसार काम गर्न नसकेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो "गठबन्धनको जुन मर्म छ त्यस अनुसार गठबन्धनमा रहेका दल र नेतृत्व गरेको सरकार चल्न सकेको देखिँदैन ।"

अहिले देशको अर्थतन्त्र जटिल मोडमा रहेको बताउँदै अध्यक्ष भट्टराईले सरकारले गम्भीर भएर समस्या समाधान गर्न लाग्नुपर्नेमा जोड दिनुभयो । देशलाई तीव्र औद्योगीक विकासको गतिमा लान नसक्दा अर्थतन्त्र कमजोर बन्दै गएको उहाँको भनाइ थियो ।

# निलगिरी सहकारीको २५ औं साधारण सभा तथा रजत जयन्ती समारोह सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

पोखरा महानगरपालिका वडा नं १७ मा रहेको निलगिरी बचत तथा ऋण सहकारीको २५ औं साधारण सभा तथा रजत जयन्ती समारोह आइतबार सम्पन्न गरेको छ।

सभाको नेपाल बचत तथा ऋण केन्द्रिय समितिका संचालक चण्डी शर्मा पौडेलले उद्घाटन गर्दै सहकारीका शेयर सदस्यहरुले आफ्नै सहकारीमा कारोबार गर्न आग्रह गर्नुका साथै निक्षेपलाई भन्दा बचतलाई महत्व दिन सहकारी संचालक तथा शेयर सदस्यलाई अनुरोध गरेका थिए।

साथै उनले कर्मचारीले सबै शेयर सदस्य र सहकारीमा आर्थिक कारोबार गर्न आउने जो सुकै संग नम्र व्यबहार गर्नु पर्ने बताए । सहकारीको धर्म भनेको लगानी कर्तालाई सवीपरि मानेर काम गर्नु पर्ने बताए । सो



अबसरमा अधिकतम बचत कर्ताहरु परिधी आचार्य, डिल्लीराम पराजुली, सरोज नारायण बराल, श्याम प्रसाद भुषाल र जित बहादुर बिश्वकर्मा, जेष्ठ सदस्य राम प्रसाद श्रेष्ठ, उत्कृष्ट कर्मचारी बिनोद पराजुलीलाई सम्मान गरिएको थियो । त्यसैगरी डा. राजकुमार पौडेल, सदिच्छा पौडेल, अस्मिता पहारी, डा. स्वस्तिका आचार्य, ऋचा कुमारी क्षेत्री, आँचल सुनुवार, निर्जला पौडेल, अन्जना पहारी, आयुषा अर्याल, आकृति पोखेल, नम्रता पौडेल, आस्था कार्की, अर्पन भण्डारी, स्वप्निल शर्मा, आदित्य पोखेल, आयुष श्रेष्ठ, रिवाज कुमार क्षेत्री र परिधी आचार्यलाई सम्मान गरिएको थियो। साथै सामुदायिक बिद्यालयका सवीत्कृष्ट बिद्यार्थी सम्मानबाट साकार बस्नेत, सगुन परियार र मोनिका पौडेललाई सम्मान गरिएको थियो। संस्थाका अध्यक्ष लेखनाथ बराल (गोपि) ले सहकारीले पेन्सन कोष, शेयर सदस्य तथा कर्मचारी हित कोष, प्रबिधि मैत्री सेवा बिस्तार, दुर्घटना तथा स्वास्थ बिमालगाएतका शेयर सदस्य मुखी कार्य गर्दै आएको बताए । कार्यक्रममा पोखरा महानगरपालिका सहकारी समिति अध्यक्ष रविरमण तिवारी, पोखरा ७ का वडा अध्यक्ष राममोहन आचार्य, जिल्ला सहकारी संघ संचालक बिना लोहनी, एम बैंक टेक्नोलोजीजका संजय महासेठ, निवर्तमान अध्यक्ष रबिन्द्र प्रसाद श्रेष्ठ, संस्थापक अध्यक्ष ज्ञानेन्द्र राज पौडेल, पुर्व अध्यक्ष कालिदास पौडेल, गुरुकुल बेद बिज्ञान पाठशालाका प्राचार्य बिजयराज आचार्य, इन्द्रेणी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सागर अधिकारी, शेयर सदस्य एवम् पुर्व सलाहकार महाप्रसाद सुवेदी, सम्मानित विद्यार्थी नम्रता पौडेलले बोलेका थिए। अध्यक्ष लेखनाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष गंगाधर पौडेलले र संचालन सचिव तिर्थराज आचार्यले गरेका थिए।

# आइतबार पोखरामा दुई गीत लोकापर्ण

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

आइतबार पोखरामा दूई गीत लोकापर्ण भएका छन् । विनोद वानियाँको संगीत र राजाराम पौडेलले रचना गरेका 'साना बाबु नानी हामी' र 'हामी गीत गाउँछौं' गीत जोजिजु म्युजिकल जर्नी २०८० कार्यक्रमको आयोजना गरेर लोकापर्ण गरिएको हो । जोजिजू म्युजिक सेन्टरको प्रस्तुतीमा निर्माण भएका दुवै गीत कवि एवं संस्कृतीकर्मी तीर्थ श्रेष्ठले लोकापर्ण गरेका हुन्।

पत्रकार समेत रहेका पौडेलको रचना र गायक समेत रहेका वानियाँको संगीत रहेको 'साना बाबु नानी हामी' बोलको बाल गीतमा आवाज उत्पेरणा जोजिजूको रहेको छ । राजेश विष्टले एरेन्ज गरेको गीतको मिक्सिङको जिम्मेवारी बार डिजिटल स्टुडियोमा बुद्धराज ब्रजाचार्यले पुरा गरें। गीतको म्युजिक भिडियो नेत्र गुरुङले निर्देशन तथा सम्पादन तयार भएको छ। पोष्ट प्रोडक्सनको काम नेत्र इन्टरटेन्मेन्ट गरिएको भिडियोको छायाकंन दिपेश केसीले गरेका हुन्। यसैगरी पौडेलको रचना र वानियाँकै संगीत रहेको 'हामी गीत गाउँछौं' बोलको गीतमा विनित जोजिजू, सानु जोजिजू, उत्प्रेम जोजिजू र उत्प्रेरणा जोजिजूको आवाज सुन्न पाइन्छ । राजेश विष्टले एरेन्ज गरेको गीतको मिक्सिङ बार डिजिटल स्टुडियोमा बुद्धराज ब्रजाचार्यले गरेका हुन् । गीतको म्युजिक भिडियो रोहन नेपालीले निर्देशनमा तायार भयो । सम्पादन र पोष्ट प्रोडक्सनको काम अर्को प्रोडक्सनमा गरिएको गीतको छायाकंन सुवास सुवेदीले गरेका छन्। जोजिजू म्युजिक सेन्टर तथा म्युजिक स्कुलका प्रबन्ध निर्देशक विनित जोजिजुको अध्यक्षतामा भएको कार्यक्रममा संस्कृतीकर्मी तीर्थ श्रेष्ठ, पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेल, संगीतकार विनोद वानियाँ, रचनाकार राजाराम पौडेल, ग्लोबल कलिजियट स्कुलका प्रिन्सीपल बाबुराम पन्त, सञ्चारकर्मी सञ्जय कुमार मल्ल लगायतले लोकापर्ण गरिएका गीत तथा जोजिजू म्युजिकल जर्नीको बारेमा भनाई राखे। उनीहरुले लोकार्पण गरिएका दुवै गीतले दर्शक श्रोता माया प्राप्त गर्ने विश्वास व्यक्त गरें। कार्यक्रममा सानु जोजिजु, उत्प्रेम जोजिजू, पप्पु थापा मगर, शंकर गुरुङ, विमल परियार, सागर गुरुङ र प्रविन सारु मगरले दशैं धुन तथा राग प्रस्तुत गरेका थिए। आज भन्दा २० वर्ष अगाडि स्थापना भएको सेन्टरले हरेक वर्ष घटस्थापनाको दिन पारेर म्युजिकल जर्नी कार्यक्रमको आयोजना गर्ने गर्दछ। कार्यक्रममा संगीत क्षेत्रमा रुचि राख्ने विभिन्न व्यक्तिको सहभागीता रहेको थियो।

# आदर्श सहकारीको साधारणसभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

आदर्श बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १३ आर्वाको १६ औ वार्षिक साधारणसभा आइतबार आर्वामा सम्पन्न भएको छ।

साधारणसभाको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडानं १३ का वडा अध्यक्ष किरण बरालले सहकारीले बिशेषगरी छरिएर रहेको पुँजीलाई एककृत गरी उत्पादनमुखी काममा लगाउनु पर्ने बताए । उनले वडा कार्यालयले सहकारीहरू संग सहकार्य गर्दै उद्यमशीलता र स्थानिय उत्पादनलाई जोड दिन तत्पर रहेको पनी उल्लेख गरे। सहकार्यको माध्यमबाट गरिने हरेक कामको वडाले संरक्षण गर्ने भनाई पनी वडा अध्यक्ष बरालको थियो । आदर्श बचत तथा ऋण सहकारी संस्था लि का अध्यक्ष राजेन्द्र प्रसाद बराल को अध्यक्षतामा भयको कार्यक्रम मा संस्थापक अध्यक्ष, कृष्ण प्रसाद बराल, सहकारीका सल्लाहकार



रामशरण बराल, श्री मोहरपानी आदर्श टोल बिकाश संस्था पोखरा १३ आर्वाका अध्यक्ष पत्रकार श्रीराम सिग्देल, शेयर सदस्यहरु कोपीला बराल, सुमित्रा बराल, तारा बराल लगायतले शुभकामना मन्तव्य ब्यक्त गरेका थिए । साधारणसभामा अध्यक्ष राजेन्द्र प्रसाद बरालद्वारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन, सचिव सूर्य प्रसाद बराल द्वारा प्रस्तुत सचिवको प्रतिवेदन, कोषाध्यक्ष बसन्तराज बराल द्वारा प्रस्तुत कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा लेखा समिति संयोजक कृष्णराज बरालद्धारा प्रस्तुत लेखा समितिको प्रतिवेदन पारित गरिएको थियो।

साधारणसभामा हरेक बर्ष सहकारीले प्रदान गर्दै आएको उत्कृष्ट ऋणी पुरस्कार यस वर्ष भोजराज बराल, उत्कृष्ट बचतकर्ता बिष्णु प्रसाद सुवेदी, उत्कृष्ट कर्मचारी बिष्णु कुमारी पौडेल तथा कक्षा १२मा उत्कृष्ट अंक ल्याई उतिर्ण हुने शेयर सदस्यका छोराछोरी मध्ये यस वर्ष अजय बराल र सुजित सुवेदीलाई नगद पुरस्कार, तथा सम्मान पत्र सहित सम्मानित गरिएको थियो । कार्यक्रमको सञ्चालन सचिव सूर्य प्रसाद बराल तथा सहकारीका ऋृण समिति संयोजक यज्ञ प्रसाद बरालले सम्युक्त रुपमा गरेका थिए । यसैविच सहकारीले वार्षिक साधारण सभाका अवसरमा आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत आइतबार बिहान आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा ३३ युनिट रगत संकलन भएको कार्यक्रमका संयोजक सहकारीका ऋण परिचालन समितिका संयोजक यज्ञ प्रसाद बरालले जानकारी दिए । पहिलो रक्तदाता सुमन अधिकारीलाई सहकारीका अध्यक्ष राजेन्द्र प्रसाद बरालले ब्लड ब्याग हस्तान्तरण गरी शुभारम्भ गरेको रक्तदान कार्यक्रममा रक्त सञ्चार केन्द्र पोखराले प्राविधिक सहयोग गरेको थियो। सो अवसरमा रक्त सञ्चार केन्द्र पोखराका प्रतिनिधि यमुना के सीले रक्तदानका विविध बिषय बारे प्रकाश पारेकी थिईन।

# केशर मेडिस्पा पाँचौं वर्षमा

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

पोखरा महानगरपालिका वडा न.५ प्रस्याङस्थित केशर मेडिस्पाले आफ्नो स्थापनाको पाचौं वार्षिकोत्सव मनाएको छ।

२०७५ साल असोज २४ गते धटस्थापनाकै दिनमा केशर मेडिस्पाले आफ्नो सेवा सुभारम्भ गरेको हो। घरमै चिकित्सकीय सेवा दिने र कपाल उमार्ने, चायापोतो, डंडीफोर ,फेसियल, रिङ्कल,लेजर प्रबिधिबाट टाटु हटाउने,कोठी हटाउने लगायतका उपचारका लागी डा. सुरेन्द्र सापकोटाले सञ्चालनमा ल्याउनुभएको हो । केशर मेडिस्पाका प्रबन्ध निर्देशन डा.सुरेन्द्र सापकोटाले जुन पहिचानका साथ पाचौं वार्षिकोत्सब मनायौ यो सफलताको श्रेय स्थापनाकाल देखी निरन्तर सेवामा



रहनुहुने सम्पुर्ण कर्मचारी एव सुभचिन्तहरुमा रहने बताउनु भयो । बिशेष अथिति डा. सुनिल कार्की, हेल्थ एट होमका डा.आरती सापकोटा, डा. चन्दन श्रेष्ठ साथै लायन्स क्लबअफ हेमजाका अध्यक्ष सन्तमान श्रेष्ठ लगायतले बिजय दशमी , तिहार साथै छठ् पर्वको सुभकामनाका साथै मेडिस्पा पा.लिको निरन्तर सफलताको सुभकामना व्यक्त गरेका थिए। कार्यक्रमका बिच 'इम्प्लोय अफदि मन्थ' बाट सुरज सुनवारलाई सम्मान, आर.एन संगीत थापा, लेजेष्टिक म्यानेजर सुरेन्द्र राज कोईरालालाई बिधाई गरिएको छ। मेडिस्पाका प्रबन्ध निर्देशक डा.शुरोन्द्र सापकोटाको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत मेडिस्पाका प्रोमोटर राजेन्द्र सापकोटाले, सञ्चालन रेडियो हेमजाका स्टेशन म्यनेजर निराजन अधिकारीले गर्नुभएको थियो।

# वार्षिक साधारणसभा गर्न सक्ने सहकारीको वित्तीय अवस्था ठिक छ- रजिष्ट्रार वाग्ले

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

सहकारी रजिष्ट्रारको कार्यालय गण्डकीका निमित्त रजिष्ट्रार चोलाकान्त वाग्लेले वार्षिक साधारण सभा गर्न सक्ने सहकारीको वित्तिय अवस्था ठिक रहेको बताएका छन् । पामे बचत तथा ऋण सहकारी संस्थाको १३ औ बार्षिक साधारण सभाको उद्घाटन गर्दै उनले वित्तिय अवस्था खराब हुने सहकारीले साधारण सभा समेत गर्न नसकेको बताए।

उनले पोखरा केही सहकारीको मात्रै वित्तिय अवस्था खराब रहेको बताए । ठुला भनिएका केही सहकारी कै वित्तिय अवस्था खराब देखीएको बताए । उनले सहकारी नीति प्रविधि र विधिबाट चल्नुपर्ने बताउदै सरकारको नियम र कानुन भित्र चलेका सहकारी राम्रो रहेको बताए । उनले अहिले रजिष्ट्रार कार्यालय अर्धन्यायिक संस्था जस्तो भएको भन्दै दिनहुँ आउने सर्वसाधरणका समस्या सुन्ने गरेको बताए । वाग्लले सहकारी संचालकलाई बचत कर्ताले रचनात्मक सुझाब दिनु पर्ने बताए। कार्यक्रममा पोखरा महानगरपालिका २३ का वडा अध्यक्ष रामकाजी गुरुले पामे बचत तथा ऋण सहकारी संस्थाले जनतामा आर्थिक जागरण ल्याएको बताए। उनले सहकारीको मुख्यकामा बचत संकलन, लगानी र ऋण असुली रहेको भन्दै यो सहकारीले तीन वटै काम राम्रो सगँ गरेको बताए। उनले फेवाताल जलाधार क्षेत्रका विकासका लागि त्यस क्षेत्रका चारै जना वडा अध्यक्ष लागि परेको बताए । कार्यक्रममा पोखरा २४ का वडा सदस्य रेशम सुबेदी, पोखरा २४ का वडा सचिब इन्द्रबहादुर जिसी, पामे बचत तथा ऋण सहकारी संस्थाका निर्वतमान अध्यक्ष महेश्वर दवाडी, उपाध्यक्ष नवराज पराजुली, सहकारीका सल्लाहकार डिल्लिराम भट्टराई, शिक्षा उसमिति संयोजक घनश्याम अधिकारी, कविता गिरी लगाएतले सहकारीले गाउँ गाउँमा वित्तिय सेवा पुऱ्याउन सहयोग गरेको बताए । साधारणसभाले अध्यक्ष अग्निधर त्रिपाठीले प्रस्तुत गरेको अध्यक्ष वार्षिक प्रतिबेदन, सहकारीका सचिब खेमनाथ तिमिल्सिनाको सचिबको प्रतिबेदन र कोषाध्यक्ष लेखनाथ पराजुलीले प्रस्तुत गरेको कोषाध्यक्षको प्रतिबेदन पास गरेको छ । कार्यक्रममा सहकारीका शेयर सदस्यका एइई र कक्षा १२ मा यस वर्ष उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, ८५ वर्ष माथिका बृद्धबृद्धा, उत्कृष्ट कर्मचारी, उत्कृष्ट ऋणी, उत्कृष्ट बचत कर्ता लगाएतलाई सम्मान गरेका थिए । उनीहरुलाई पामे सहकारीका अध्यक्ष अग्निधर त्रिपाठी, सहकारी रजिष्ट्रारको कार्यालय गण्डकीका निमित्त रजिष्ट्रार चोलाकान्त वाग्ले, पोखरा २३ का वडा अध्यक्ष रामकाजी गुरुङ लगाएतले माला, दोसल्ला, नगद र प्रशंसापत्रले समान गरेका थिए।

सहकरीमा १ हजार ७ जना शेयर सदस्य, अधिकृत पुँजी १५ करोड, चुक्ता पुँजी १० करोड ७ लाख रहको छ। आर्थिक वर्ष २०७९/८० मा १५ करोड ४८ लाख निक्षेप संकलन गरी २४ करोड २२ लाख कर्जा प्रवाह गरेको छ । सहकारीले पामे र पोखरामा शाखा स्थापना गरि सेवा प्रदान गर्दै आएको छ।

# तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना

**(प्रकाशित मिति २०८०/०६/३०)**

यस संस्थाबाट तपसिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज एवं हर्जाना ब्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०८०/०४/३२ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र मिति २०८०/०६/११ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफूले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपशिल :**

| क.सं | ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितोको बिबरण |
|---|---|---|
| १ | ▪ आशाराम विश्वकर्माको बुहारी दिपक विश्वकर्माको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०७ बस्ने<br>**ऋणी : सरिता विश्वकर्मा**<br>▪ टिका राम विश्वकर्माको नाति आशा राम विश्वकर्मा छोरा तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०७ बस्ने<br>**धनजमानत : दिपक विश्वकर्मा** | **सरिता विश्वकर्मा** को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको छाङ गा.वि.स.वडा नं.५/ख कित्ता नं. १७५९ को क्षेत्रफल ०-४-०-० (रोपनी) को जग्गा। |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्वारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ROYAL
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

Service Center:
•Dulegaunda, Tanahun ☎ 065-4114490
•Bhandradhik, Kaski ☎ 061-561775
•Mohoriya, Kaski ☎ 061-560903